# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड १० | संख्या ६ | मिति २०८३।०५।०९ |
|---|---|---|

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०८३ सालको कार्यविधि / निर्देशिका / मापदण्ड संख्या ६

**सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा (कक्षा ८ तथा कक्षा १०) सञ्चालन तथा अनुदान वितरण कार्यविधि, २०८३**

बिहादी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत कक्षा ८ तथा कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गर्ने, आधारभूत तह उत्तीर्ण परीक्षा (BLE) तथा माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा सुधार गर्ने, कमजोर सिकाइ भएका विद्यार्थीहरूलाई अतिरिक्त शैक्षिक सहयोग उपलब्ध गराउने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट अन्तर्गत अतिरिक्त कक्षा सञ्चालन गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ तथा विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो कार्यविधि निर्माण गरि प्रकाशन गरिएको छ ।

# सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा (कक्षा ८ तथा कक्षा १०) सञ्चालन तथा अनुदान वितरण कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०३।२२

**प्रस्तावना**

बिहादी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत कक्षा ८ तथा कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गर्ने, आधारभूत तह उत्तीर्ण परीक्षा (BLE) तथा माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा सुधार गर्ने, कमजोर सिकाइ भएका विद्यार्थीहरूलाई अतिरिक्त शैक्षिक सहयोग उपलब्ध गराउने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट अन्तर्गत अतिरिक्त कक्षा सञ्चालन गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२, प्रचलित शिक्षा सम्बन्धी कानुन तथा गाउँ कार्यपालिकाको निर्णयबमोजिम यो कार्यविधि जारी गरिएको छ।

**परिच्छेद–१**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा (कक्षा ८ तथा कक्षा १०) सञ्चालन तथा अनुदान वितरण कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**

यस कार्यविधिमा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा—

(क) "गाउँपालिका" भन्नाले बिहादी गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले बिहादी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ग) "शिक्षा शाखा" भन्नाले बिहादी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ङ) "अतिरिक्त कक्षा" भन्नाले नियमित पठनपाठन समय बाहेक सञ्चालन गरिने सिकाइ सहयोगात्मक कक्षा सम्झनुपर्छ।

(च) "अनुदान" भन्नाले यस कार्यविधिबमोजिम गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्छ।

## ३. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) कक्षा ८ तथा १० को सिकाइ उपलब्धि वृद्धि गर्ने।

(ख) BLE तथा SEE परीक्षाको नतिजा सुधार गर्ने।

(ग) कमजोर सिकाइ भएका विद्यार्थीलाई अतिरिक्त शैक्षिक सहयोग उपलब्ध गराउने।

(घ) पुनरावृत्ति, अभ्यास तथा परीक्षा तयारीलाई प्रभावकारी बनाउने।

(ङ) विद्यालयमा नतिजामुखी शैक्षिक वातावरण विकास गर्ने।

## परिच्छेद–२

## ४. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

(१) गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूले मात्र यो कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) कार्यक्रम सञ्चालन गर्नुअघि विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य हुनेछ।

(३) विद्यालयले अतिरिक्त कक्षाको कार्ययोजना, विषयगत समयतालिका, शिक्षक व्यवस्थापन तथा अनुमानित खर्च विवरण स्वीकृत गरी शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(४) शिक्षा शाखाले आवश्यक देखेमा कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशन, परामर्श वा ढाँचा उपलब्ध गराउन सक्नेछ।

## ५. अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

(१) अतिरिक्त कक्षा विद्यालय समयअघि वा विद्यालय समयपश्चात सञ्चालन गर्न सकिनेछ।

(२) कार्यक्रम अधिकतम ३० कार्यदिनसम्म सञ्चालन गर्न सकिनेछ।

(३) प्रतिदिन अधिकतम २ घण्टासम्म कक्षा सञ्चालन गर्न सकिनेछ।

(४) नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा आवश्यकता अनुसार अन्य विषय समावेश गर्न सकिनेछ।

(५) शिक्षक तथा विद्यार्थीको दैनिक हाजिरी अनिवार्य रूपमा राख्नुपर्नेछ।

(६) विद्यालयले आवश्यकतानुसार प्रारम्भिक (Pre-test) तथा अन्तिम (Post-test) मूल्याङ्कन गर्न सक्नेछ।

(७) कक्षा सञ्चालन अवधिभर अनुशासन, नियमितता तथा सिकाइ उपलब्धिमा विशेष ध्यान दिनुपर्नेछ।

## ६. अनुदान वितरण सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटको परिधिभित्र रही अतिरिक्त कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयलाई यस कार्यविधिबमोजिम अनुदान उपलब्ध गराइनेछ।

(२) अतिरिक्त कक्षा सञ्चालनका लागि सम्बन्धित विषय शिक्षकको पारिश्रमिक बापत विद्यालयलाई देहायबमोजिम अधिकतम मासिक अनुदान उपलब्ध गराउन सकिनेछः

(क) कक्षा १० मा अतिरिक्त कक्षा सञ्चालन गर्ने सम्बन्धित प्रति विषय शिक्षकका लागि प्रति महिना रु. ४,००० (चार हजार) देखि रु. ४,५०० (चार हजार पाँच सय) सम्म।

(ख) कक्षा ८ मा अतिरिक्त कक्षा सञ्चालन गर्ने सम्बन्धित प्रति विषय शिक्षकका लागि प्रति महिना रु. ३,००० (तीन हजार) देखि रु. ३,५०० (तीन हजार पाँच सय) सम्म।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि गाउँपालिकाको स्वीकृत बजेट, कार्यक्रम सञ्चालन गर्ने विद्यालयको संख्या, विषयगत शिक्षकको उपलब्धता, विद्यार्थी संख्या, विद्यालयको आवश्यकता तथा सम्बन्धित विद्यालयसँगको आपसी समझदारीमा एकमुस्ट(दामासाही) रुपमा गाउँपालिकाले उपयुक्त दरमा अनुदान निर्धारण तथा वितरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुदान विद्यालयलाई उपलब्ध गराइनेछ। विद्यालयले अतिरिक्त कक्षा सञ्चालनमा संलग्न सम्बन्धित विषय शिक्षकलाई प्रचलित कानुन तथा विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम भुक्तानी गर्नुपर्नेछ।

(४) गाउँपालिकाबाट विनियोजित बजेट अपुग वा बढी हुन गएमा उपलब्ध बजेटको सीमाभित्र रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी अनुदानको दर तथा वितरणको आधार संशोधन गर्न सक्नेछ।

(५) अनुदान रकम भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन, नियम तथा कर सम्बन्धी कानुनबमोजिम आवश्यक कर कट्टी गरी मात्र भुक्तानी गरिनेछ।

## ७. अनुदानबाट खर्च गर्न सकिने शीर्षक

अनुदान रकम देहायका शीर्षकमा खर्च गर्न सकिनेछः

- अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षकको पारिश्रमिक
- विद्यार्थीको खाजा व्यवस्थापन
- शिक्षण तथा सिकाइ सामग्री
- अभ्यास पुस्तिका तथा मूल्याङ्कन सामग्री
- प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालन
- स्टेशनरी तथा अन्य आवश्यक शैक्षिक सामग्री
- शिक्षा शाखाबाट स्वीकृत अन्य शैक्षिक प्रयोजन

बिहादी गाउँपालिका
Bihadi Rural Municipality
Est: 2073
सम्मानित बिहादी, सम्मानित बिहादीवासी

## ८. भुक्तानी प्रक्रिया

कार्यक्रम सम्पन्न भएपछि विद्यालयले देहायका कागजात पेश गर्नुपर्नेछः

१. विद्यालयको निवेदन

२. विद्यालय व्यवस्थापन समितिको निर्णय

३. स्वीकृत कार्ययोजना तथा समयतालिका

४. शिक्षक तथा विद्यार्थीको हाजिरी

५. खर्च विवरण तथा भरपाई

६. कार्यक्रम सम्पन्न प्रतिवेदन

७. कार्यक्रम सञ्चालनका फोटो

८. बिल, भर्पाई तथा अन्य प्रमाण

९. विद्यालयको बैंक खाताको विवरण

१०. आवश्यक परे शिक्षा शाखाले माग गरेका अन्य कागजात

उपयुक्त कागजात प्राप्त भई शिक्षा शाखाबाट सिफारिस भएपछि प्रचलित आर्थिक ऐन तथा नियमबमोजिम भुक्तानी गरिनेछ।

## ९. अनुगमन तथा मूल्याङ्कन

(१) गाउँपालिका तथा शिक्षा शाखाले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

(२) आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा कक्षा अवलोकन गर्न सकिनेछ।

(३) अनुगमनबाट प्राप्त सुझाव कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ।

## १०. अनुदान रोक्का वा फिर्ता

देहायका अवस्थामा गाउँपालिकाले अनुदान रोक्का गर्न वा फिर्ता गराउन सक्नेछः

(क) कार्यक्रम सञ्चालन नगरेमा।

(ख) झुट्टा विवरण वा नक्कली कागजात पेश गरेमा।

(ग) अनुदान दुरुपयोग गरेमा।

(घ) उद्देश्यविपरीत खर्च गरेमा।

(ङ) आवश्यक कागजात वा प्रमाण पेश नगरेमा।

## ११. लेखापरीक्षण

अनुदानबाट भएको खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानुनबमोजिम सम्बधित बिद्यालयले गराउनुपर्नेछ।

## १२. प्रतिवेदन

विद्यालयले कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र शिक्षा शाखामा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

## १३. बाधा अड्काउ फुकाउने

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## १४. संशोधन

यस कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन वा हेरफेर गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

**आज्ञाले,**

**थमन बहादुर रेश्मी**

प्रमुख प्रशासकीय अधिकृत